जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २३१ पृष्ठः ४ | २०८२ पुस २१ सोमबार (Monday 05 Jan. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## उठीवासको त्रासमा मुसहर बस्ती, सुरक्षाका लागि हारगुहार



**मणिलाल विश्वकर्मा**

सिरहा, २० पुस। सिराहाको सखुवानन्कारकट्टी गाउँपालिका–२, सोठियाइन पटना गाउँमा करिब तीन दशकभन्दा बढी समयदेखि बस्दै आएको मुसहर समुदायले बस्ती सुरक्षाका लागि हारगुहार गरेको छ। करिब ५० घरधुरी मुसहर बस्ती रहेको जग्गा आफ्नो रहेको दाबीसहित स्थानीय जनप्रतिनिधिले उच्च अदालतमा मुद्दा हालेपछि बस्ती सुरक्षाका लागि पीडितहरूले हारगुहार गरेका हुन्।

मुसहर बस्तीको उठीवास गराउन अदालतमा मुद्दा दायरदेखि स्थानीयस्तरबाट पनि विभिन्न दबाब दिइरहेकाले आफूहरू अप्ठ्यारोमा परेको बस्तीका पीडित शोभित सदायले गुनासो गरे। ‘०५० तिर बसेको बस्तीमा म, बुचन सदाय, लक्ष्मी सदाय र घुरती सदायविरुद्ध ३० वर्षपछि जग्गा खिचोला मुद्दा हाले,’ उनले भने, ‘जिल्लामा त जित्यौँ, जग्गा दाबी गर्ने जनप्रतिनिधिले फेरि उच्च अदालतमा पुनरावेदन गरेपछि जसोतसो मुद्दा जोडेका छौँ।’ हातमुख जोड्नै सकस भइरहेका वेला मुद्दाको प्रक्रियामा सामेल हुन, वारेस राखेर काम गराउन पनि आर्थिक कारणले समस्या भइरहेको उनको गुनासो छ।

भक्तपुरका उपेन्द्र प्रजापति र राजाबहादुर प्रजापतिको कामत रेखदेख, खेतीपातीको उब्जनी संकलन र हिसाब हेर्ने गरी स्थानीय हरिनारायण यादव मुन्सी बसेका थिए। उनको निधनपछि छोरा रामउद्गार यादवले मुन्सीको काम गर्दै आएको बुचन सदायले सुनाए। उनका अनुसार हरिनारायण मुन्सी रहेकै वेला स्थानीय ५० घरधुरीमध्ये ३२ जनाले बस्दै आएको घडेरी र खेतीपातीका लागि तीन लाख रुपैयाँसम्म बुझाएका थिए। त्यसरी रकम बुझाएकामध्ये पाँचजनाको नाममा जग्गा रजिस्ट्रेसन भएको थियो। ‘जग्गा रजिस्ट्रेसन गरिदिने भन्दै रामउद्गारले मुसहरहरूसँग संकलन गरेको करिब ५० लाख रुपैयाँ लहान आएर आइएमईबाट प्रजापतिलाई पठाएका थिए,’ उनले भने। कामत रहेका उपेन्द्र र राजाबहादुरको निधन भएसँगै प्रजापतिका छोराहरूले मुसहरहरूसँग उठाएको रकम नलिएको भन्न थालेपछि मुसहर बस्तीको जग्गा वडासदस्य प्रमशिलादेवी ठाकुरले आफ्नो नाममा पास गरेको शिक्षक

## वीरगञ्जमा तनाव, मधेशभर बढाइयो सुरक्षा सतर्कता

धनुषा घटनाको असर पर्साको वीरगञ्जसम्म देखिएको छ। धनुषा र पर्सासहित मधेशका आठैवटा जिल्लामा सुरक्षा सतर्कता बढाइएको छ।

जनकपुर, २० पुस। टिकटकमा एकअर्काको धर्मसंस्कृतिलाई लक्षित गरी अभद्र टिप्पणी गरेको विषयलाई लिएर मधेश प्रदेशमा तनाव बढेको छ। धनुषा घटनाको असर पर्साको वीरगञ्जसम्म देखिएको छ। धनुषा र पर्सासहित मधेशका आठैवटा जिल्लामा सुरक्षा सतर्कता बढाइएको छ। एक उच्च सुरक्षा अधिकृतले ‘संवेदनशील परिस्थिति’का कारण सतर्कता बढाइएको बताए। केही दिन अगाडि जनकपुरमा हैदर अन्सारी र अमानत अन्सारी नामका युवाहरुले टिकटकमा हिन्दुस्तानको नाम लिँदै एक भिडियो पोष्ट गरेका थिए। धार्मिक सहिष्णुतामा खलल पुग्ने खालको भिडियो बनाइएको भन्दै ती दुई युवालाई स्थानीय अगुवाहरुले प्रहरीको जिम्मा लगाएका थिए।

इलाका प्रहरी कार्यालय खजुरीमा दुवै पक्षबीच छलफल भइरहेको बेला पक्राउ गरिएको भन्दै केही युवाहरु आक्रोशमा आए। त्यही बेला मस्जिदमा आक्रमण समेत भएको थियो। आक्रमणमा संलग्न व्यक्तिलाई पनि पक्राउ गरिएको धनुषाका प्रहरी प्रवक्ता डीएसपी गणेश बम बताउँछन्। सोही घटनालाई लिएर वीरगञ्जमा आज बिहानैदेखि प्रदर्शन भइरहेको छ। प्रदर्शनलाई मध्यनजर राखेर वीरगञ्जमा करिब १ सय जना सशस्त्र प्रहरी परिचालन गरिएको छ।

## भाषा र संस्कृतिको संरक्षण तथा प्रवर्धन गरौं।

- मौलिक संस्कृतिको रक्षा गरौं।
- राष्ट्रिय पोशाक तथा मौलिक संस्कृति प्रति गौरव गरौं।
- मातृभाषाको सम्मान गरौं।
- परम्परागत कला, संगीत, नृत्य र खानेकुराको संरक्षण तथा प्रवर्धन गरौं।
- महत्वपूर्ण सभा, समारोह, विवाह, पर्व तथा उत्सवमा राष्ट्रिय पोशाकलाई प्राथमिकता दिऔं।
- सांस्कृतिक धरोहर, गुठी, मठ, मन्दिर तथा ऐतिहासिक स्थलहरुको संरक्षण र प्रवर्धन गरौं।
- सन्ततिलाई मौलिक संस्कृति, रीतिरिवाज तथा परम्पराको जानकारी गराऔं।
- आधुनिकता र प्रविधिसँगै आ नो मौलिक परम्परा जोगाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## सामुदायिक विद्यालयबारे बढी गुनासो मधेशबाट आउँछ : शिक्षामन्त्री



जनकपुर, २० पुस। शिक्षा तथा विज्ञान प्रविधिमन्त्री महावीर पुनले मधेशका सामुदायिक विद्यालय, शिक्षक र व्यवस्थापन समितिको बारेमा सबैभन्दा बढी गुनासो आउने गरेको बताएका छन्। साक्षर मधेश प्रदेश घोषणा तयारी सम्बन्धी एक दीवसीय गोष्ठीमा उनले सातवटा प्रदेश मध्ये आधाभन्दा बढी गुनासो मधेश प्रदेशबाट आउने गरेको खुलाए। ‘सामुदायिक विद्यालयको विषयमा थरीथरीका गुनासो आउने गरेका छन्। सातवटा प्रदेश मध्ये आधाभन्दा बढी मधेश प्रदेशका सामुदायिक विद्यालयको गनासो म कहाँ आएको छ,’ उनले भने, ‘विद्यालय भवन भएको, शिक्षक भएको तर पढाइ नभएको, शिक्षक, व्यवस्थापन समितिले बदमासी गरेका कुराहरु सम्बन्धि गुनासो आउने गरेको छ। मैले त्यस्ता अव्यवस्थित विद्यालयको नाम संकलन गर्न टोलि पठाएको छु।’

आफू मन्त्री बन्नु अघि किताब बेच्न तराई मधेशका जिल्लाहरूमा पुग्दा शिक्षाको अवस्था दयनीय पाएको उनको भनाइ छ। पहिले दुर्गम हिमाल–पहाडमा पढाउने प्रायः शिक्षक मधेशबाट विज्ञान गणितका शिक्षकहरू हुने गरेको स्मरण गर्दै उनले पछिल्लो समय मधेशको शिक्षाको स्तर खस्केको बताए। अहिलेसम्म मधेश साक्षर घोषणा नहुनु आफ्नो लागि आश्चर्यको विषय रहेको समेत उनको भनाइ थियो। आगामी २०८३ वैशाख मसान्तसम्म मधेश प्रदेशलाई साक्षर घोषणा गर्ने सरकारले लक्ष्य लिएको छ। त्यसको संयोजन तथा सहजीकरण नेतृत्व मधेश प्रदेशको शिक्षा तथा संस्कृति मन्त्रीले गर्ने, स्थानीय तहले अभियानको नेतृत्व गर्ने र उच्चस्तरीय विज्ञ कार्यदलबाट औपचारिक रूपमा प्रारम्भ गर्ने र संघीय मन्त्रालय एवं विभागीय संयन्त्रबाट गैर सरकारी संस्थासँगको केन्दीय समन्वय र प्रदेश मन्त्रालयलाई नीतिगत सहजीकरण गर्ने जिम्मा दिइएको छ।

गोष्ठीमा मधेशका शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारी लगायत मधेशका प्रमुख सचिव, मन्त्रालयका सचिव, स्थानीय पालिकाका प्रमुख, उपप्रमुख, सांसद लगायत गैर सरकारी संघसंस्थाका प्रतिनिधिको सहभागिता थियो।




GUPTA BROTHER'S AUTO TRADE Mirchaiya, 033-550744 | 9801552812

# सम्पादकीय

## भेनेजुयलाका राष्ट्रपति अमेरिकामा बन्दी !

दोस्रो विश्वयुद्धपछि स्थापित विश्व व्यवस्थालाई अर्थहीन बनाइएको पछिल्लो उदाहरण अमेरिकाद्वारा भेनेजुयलामाथि आक्रमण गरी त्यहाँका राष्ट्रपति निकोलस मदुरोलाई बन्दी बनाएर अमेरिका ल्याउनु हुनपुगेको छ। अमेरिकी प्रशासन र भेनेजुएलाका सत्ताधारीहरूबीच सम्बन्ध बिग्रेको त धेरै नै भयो तर यसरी छिमेकी मुलुकमाथि आक्रमण गरेर राष्ट्रपतिलाई नै बन्दी बनाउने आँट भने पहिले गरिएको थिएन। डोनाल्ड ट्रम्पले अमेरिकामा दोस्रोपटक सत्ता समालेदेखि नै विदेश नीतिमा पनि विश्वलाई नै झड्का दिने परिवर्तनहरू भएका छन्। सम्भवतः अब अमेरिका 'अवसर र स्वतन्त्रताको स्वर्ग' रहेन। आप्रवासी विरोधी कठोर नीति तथा अनपेक्षित व्यवहारका कारण अमेरिका विश्व रङ्गमञ्चमा एक्लिँदै गएको छ। युक्रेन युद्धमा अमेरिकाको ढुलमुले व्यवहारले पश्चिमी युरोप अमेरिकासँग टाढा हुँदैगएकोमा अब ल्याटिन अमेरिकी मुलुकहरू पनि बढी नै तर्सनेछन्। अपदस्थ राष्ट्रपति मदुरोप्रति सहानुभूति राख्नेहरू खासै धेरै नहोलान्। कारण उनी अलोकतान्त्रिक नेता हुन् भने उनको शासन दमनका कारण टिकेको थियो। गत वर्षको राष्ट्रपति निर्वाचनमा उनले हारेको चुनावलाई पनि आफ्नो पक्षमा घोषणा गराएको मानिन्छ। संयुक्त राष्ट्र संघको प्रतिवेदनमा समेत मदुरो शासनले चलाएको हत्या, यातना, यौन हिंसा र स्वेच्छाचारी हिरासतको आतङ्क उजागर गरिएको छ। फलस्वरूप करिब ८० लाख भेनेजुयलावासीले विदेशमा शरण लिएका छन्।

अमेरिकाले मदुरोमाथि लागु पदार्थ तस्करी गर्ने गिरोहसँग मिलेको आरोप लगाएको छ। भेनेजुयलाको समुद्रमा केही समयदेखि अमेरिकाले डुंगाहरूमा बम हान्दै हार गर्दै आएको थियो। तिनको लागु पदार्थ ओसारपसार गर्न प्रयोग भएको दाबी पनि अमेरिकाले गरेको छ। तर यस्ता कुनै पनि कारणले कुनै मुलुकमाथि आक्रमण गरी त्यहाँका शासकलाई बन्दी बनाउने कार्यको औचित्य सिद्ध हुँदैन। यसैले होला अकेरिकाभित्रै पनि राष्ट्रपति ट्रम्पको यस कदमको आलोचना भइरहेको छ। तर, अन्तर्राष्ट्रिय समुदाय भने अपेक्षाकृत स्तब्ध देखिएको छ संयुक्त राष्ट्रसंघको आवाज त अचेल कसैले सुन्दैन तै पनि एउटा विश्वमञ्च त हो। कम्तीमा राष्ट्रसंघ त छ भन्नेसम्म झिनो त्यान्द्रो बिस्तारै चुँड्दै गएको देखियो।

अमेरिकाकै लागि पनि वैदेशिक हस्तक्षेप र युद्ध निकै महँगो र कष्टकर हुँदैआएको छ। विशेषगरी यस शताब्दीको सुरुदेखि नै संयुक्त राज्य अमेरिकाले थालेका युद्धहरूमा उसको पराजय र सम्बन्धित देशको पनि ठूलो क्षति हुनेगरेको छ। कतै पनि लोकतन्त्र फस्टाउन सकेको छैन। अफगानिस्तान, लिबिया, इराक, सिरिया युद्धको खत त अमेरिकाको अनुहारमा पनि देखिन्छ।

यसरी कमजोर मुलुकहरूमाथि शक्तिशाली शासकहरूले बल देखाउने हो भने संसार कुनै व्यवस्था वा विधिबाट होइन शक्तिकै भरमा चल्नेछ। अर्थात्, विश्व व्यवस्था मध्ययुगतिर फर्कनेछ। एआईको युगमा मध्ययुगीन सोचका शासक बढ्दै जाने हो भने भविष्यका सम्बन्धमा चिन्तामात्र लिनसकिन्छ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले यसरी नै छिमेकी मुलुक युक्रेनमाथि आक्रमण गर्दा युरोपमा शान्ति व्यवस्था खलबलिएको थियो भने अब ल्याटिन अमेरिका पनि अस्थिर हुनपुगेको छ। ट्रम्प, पुटिनजस्ता शक्तिशाली शासकहरूले विश्वलाई बलियाको खेल मैदान बनाएका छन्। युरोप, ल्याटिन अमेरिकाका साथै एसियाली देशहरूले पनि भेनेजुयलाको सार्वभौम सत्ताको सम्मान गरून्। यस आक्रमणको विरोध गर्नु नेपालको पनि नैतिक कर्तव्य हो।

## उठीवासको त्रासमा...

रामसुफल यादवले सुनाए। वडासदस्य ठाकुरले पदीय आडमा तीन दशकभन्दा बढी समयदेखि बसोबास गर्दै आएको मुसहर बस्ती बसेको कित्ता नम्बर ८४५ को १० कट्ठा ४.७५ धुर जग्गा तीर्थमाया प्रजापतिसमेतबाट१० माघ ०७९ मा लहान मालपोत कार्यालयमा रजिस्ट्रेसन गराएपछि निरन्तर बस्ती खाली गर्न धम्क्याउँदै आएको पीडितहरूको गुनासो छ। स्थानीय रामसुफल सदायका अनुसार ठाकुरले पटक-पटक प्रहरीसमेत पठाएर बस्ती खाली गर्न धम्क्याउँदै आएकी छिन्।

स्थानीय बुचन सदायले१६ साउन ०७१ देखि१३ भदौ ०७४ भदौसम्म ६ पटक गरी बस्दै आएको घडेरीसहित तीन कट्ठा जग्गाका लागि रामउद्गार परिवारका इन्दल यादवलाई दुई लाख ५४ हजार रुपैयाँ बुझाएको, तर अहिले ठाकुरले जग्गा खाली गर्न धम्क्याउने गरेको गुनासो गरे। बुचनजस्तै स्थानीय शोभित र कलेश्वर सदाले क्रमशः तीन लाख र एक लाख ५० हजार रुपैयाँ बुझाएका छन् भने अशेश्वर सदा, महेशवर सदा, मुनि सदा, फुलचन सदालगायतले बस्दै आएको घडेरीसहित जग्गाका लागि एक लाख रुपैयाँभन्दा बढी रकम बुझाएको बताए। रकम बुझाएका ३२ जनामध्ये किसनवती सदा, लक्ष्मीनिया सदालगायत पाँचजनालाई भने जग्गा रजिस्ट्रेसन गरिदिएर बाँकीलाई आलटाल गरिरहेकै वेला भित्रभित्रै जग्गा आफ्नो नाममा ल्याएकी ठाकुरले बस्ती हटाउन धम्क्याउन थालेपछि बस्ती सुरक्षाका लागि पीडितहरूले स्थानीय अगुवा, सामाजिक अभियन्तासँग सहयोगका लागि आग्रह गरेका छन्।

# रवि, कुलमान र बालेन नयाँ युगका ब्रह्मा, विष्णु र महेश हुन्



डा. भरतमणि देवकोटा



यो एकताले केन्द्रीय समिति र उम्मेदवार बाँडफाँडमा साझा प्रतिनिधित्व सुनिश्चित गर्छ, जसले वैकल्पिक शक्तिहरूको मत विभाजित हुनबाट जोगाउँछ। वैदिक पौराणिक कथाको उदाहरण दिने हो भने, यो ब्रह्मा, विष्णु र महेश जस्तै हो, जो आफैमा विशिष्ट र महत्त्वपूर्ण छन् र राष्ट्रको बृहत्तर सञ्चालनका लागि आवश्यक छन्।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेपालको महत्त्वपूर्ण र हस्तक्षेपकारी राजनीतिक शक्तिका रूपमा तीव्र गतिमा उदय भएको छ, जसले परम्परागत दलहरूको वर्चस्व रहेको राजनीतिक परिदृश्यलाई मौलिक रूपमा परिवर्तन गरिदिएको छ। यसको सफलता सुशासन, भ्रष्टाचार विरोधी अभियान र प्रत्यक्ष सार्वजनिक उत्तरदायित्वमा आधारित छ, जसले दशकौँ देखिको राजनीतिक अस्थिरता र कुशासनबाट निराश बनेका जनताको मन जित्न सफल भएको छ। पार्टीको मुख्य विचारधारा 'राजनीतिक तथा आर्थिक उदारवाद' जसमा सामाजिक लोकतन्त्रका केही तत्त्वहरू पनि समाहित छन्, को एक व्यावहारिक मिश्रण जस्तो देखिन्छ।

यसले यसलाई मध्यमार्गी शक्तिका रूपमा उभ्याएको छ। यस दृष्टिकोणले बजारमा आधारित अर्थतन्त्रको दक्षतालाई आत्मसात् गर्दै अत्यावश्यक सार्वजनिक सेवा र बलियो सामाजिक सुरक्षा प्रदान गर्न राज्यको भूमिकालाई पनि उत्तिकै जोड दिन्छ। आन्तरिक रूपमा, पार्टीले परम्परागत 'कार्यकर्तामा आधारित' संरचनालाई त्यागेर 'सदस्यमा आधारित' मोडल अपनाउँदै आन्तरिक लोकतन्त्रतर्फ ठुलो फड्को मार्ने प्रतिबद्धता जनाएको छ। यो सिद्धान्त, प्रारम्भिक निर्वाचन (प्राइमरी इलेक्सन) र कार्यकालको सीमा जस्ता प्रावधानहरूले नेपाली राजनीतिमा लामो समयदेखि जरो गाडेको व्यक्तिवादी र संरक्षणवादी राजनीतिलाई सिधै चुनौती दिएका छन्।

यद्यपि, उपलब्ध नीतिगत तथ्याङ्कहरूको विश्लेषण गर्दा पार्टीको वैचारिक दृष्टिकोण र त्यसको विस्तृत कार्यान्वयन योजनाबिच केही भिन्नता देखिन्छ। शिक्षा सुधार, निर्वाचन प्रणालीमा परिवर्तन र सामाजिक न्यायमा यसको अडान स्पष्ट भए पनि यातायात, सहरी योजना र स्रोत व्यवस्थापन जस्ता महत्त्वपूर्ण क्षेत्रहरूमा विस्तृत कार्ययोजना अझै विकास हुन बाँकी छ। रास्वपाको उदयले राजनीतिक सुधारको अवसर र अस्थिरताको जोखिम दुवै बोकेको छ। यसको आक्रामक भ्रष्टाचार विरोधी अडान र युवा तथा व्यावसायिक वर्गप्रतिको आकर्षणले स्थापित राजनीतिक व्यवस्थाको विकल्प प्रस्तुत गरेको छ। तर, पार्टीसँग गहिरो संस्थागत अनुभवको कमी र यसका प्रमुख नेताहरूले सामना गरिरहनु परेको कानुनी तथा राजनीतिक छानबिनले यसको दीर्घकालीन अस्तित्व र प्रणाली भित्रै बसेर परिवर्तन ल्याउन सक्ने क्षमतामा चुनौती थप्न सक्छ।

पार्टीको आगामी यात्रा यसको भ्रष्टाचार विरोधी लोकप्रिय नारालाई कति हदसम्म ठोस र कार्यान्वयन योग्य शासन एजेन्डामा बदल्न सक्छ भन्ने कुरामा निर्भर रहनेछ।

### रास्वपा, उज्यालो नेपाल र बालेनबिचको एकता

राष्ट्रको बृहत्तर हितका लागि नयाँ वैकल्पिक शक्तिहरूले 'लुटतन्त्रवादीहरू' लाई विस्थापित गर्न एकजुट हुने निर्णय गर्नु देशको राजनीतिक क्षेत्रमा एक साहसी, व्यावहारिक र आवश्यक कदम हो। यो जेनजीलगायत आम जनताको अपेक्षा पनि थियो। नेपालको भविष्यका लागि शक्तिहरूलाई एकीकृत गर्नुपर्ने आवश्यकतालाई गम्भीरतापूर्वक सोच्ने र सहमति जनाउने तीनैजना नेताहरूलाई धन्यवाद दिनुपर्छ।

यस एकीकरणले लोकप्रिय स्वतन्त्र नेताहरू र उदाउँदै गरेको पार्टीलाई मिलाएर नेपालको वैकल्पिक राजनीतिक शक्तिलाई थप सुदृढ बनाउँदैछ, जसले यसको विश्वसनीयता, संगठनात्मक क्षमता र निर्वाचन प्रतिस्पर्धालाई बढाउँछ। स्वतन्त्र रूपमा बालेन शाहले सहरी युवाको आकर्षण र सुधारको एजेन्डा ल्याउँछन्न कुलमान घिसिङ, जो नेपालको लोडसेडिङ अन्त्यका लागि चिनिन्छन्, उनले प्राविधिक विशेषज्ञता र सुशासनमा विश्वास थप्छन् र रवि लामिछानेको सञ्चार-माध्यमबाट प्राप्त लोकप्रियताले यी सबैलाई मिलाएर देशको सुशासनका लागि आवश्यक सीपहरूको उत्तम मिश्रण बनाउँछ।

यो एकताले केन्द्रीय समिति र उम्मेदवार बाँडफाँडमा साझा प्रतिनिधित्व सुनिश्चित गर्छ, जसले वैकल्पिक शक्तिहरूको मत विभाजित हुनबाट जोगाउँछ। वैदिक पौराणिक कथाको उदाहरण दिने हो भने, यो ब्रह्मा, विष्णु र महेश जस्तै हो, जो आफैमा विशिष्ट र महत्त्वपूर्ण छन् र राष्ट्रको बृहत्तर सञ्चालनका लागि आवश्यक छन्। यस एकीकरणलाई राष्ट्रिय स्वार्थका लागि 'ठुलो साहस, त्याग र आशाको प्रतिबिम्ब' को रूपमा हेरिएको छ, जसले युवा विरोध र प्रवासमा रहेका नेपालीहरूको समर्थनलाई एकीकृत गर्दै रास्वपालाई नेपालको लोकतान्त्रिक पुनःसंरचनाको अनुहार बनाउनेछ।

### एकीकरणको अपेक्षित प्रभाव

यसले वैकल्पिक राजनीतिक क्षेत्रलाई एकीकृत गरेर, परम्परागत दलहरूमाथि दबाब बढाएर र सहरी युवा तथा प्रवासी मतदाताहरूलाई उत्साहित बनाएर सन् २०२६ मार्चको निर्वाचनको परिदृश्यलाई उल्लेखनीय रूपमा बदल्ने अपेक्षा गरिएको छ। बलियो वैकल्पिक मोर्चाः यस एकताले रास्वपालाई नेपाली कांग्रेस र एमालेको मुख्य चुनौतीको रूपमा खडा गरेको छ। विवेकशील साझा जस्ता शक्तिहरूलाई समेत समेट्दा यसले लगभग सबै प्रमुख वैकल्पिक शक्तिहरूलाई एकै ठाउँमा ल्याएको छ, जसले सुधारवादी दलहरूबिचको मत विभाजनलाई रोक्छ।

सहरी र युवा परिचालनः काठमाडौँ र अन्य सहरहरूमा बालेन शाहको लोकप्रियताले सहरी क्षेत्रमा उच्च मतदान सुनिश्चित गर्छ। रास्वपाले युवा वर्ग र डायस्पोराको समर्थन पाइरहेको छ, जसले निर्वाचनमा ठुलो जनसांख्यिकीय परिवर्तन ल्याउन सक्छ।

मतदाताहरूमा जातीय र क्षेत्रीय विविधताः यी तीनै नेताहरूको सहरी मतदाताहरूबिच लोकप्रियता छ। साथै, उनीहरूको ग्रामीण क्षेत्रमा पनि छुट्टाछुट्टै पकड छः रविले खस आर्यको मत, कुलमानले आदिवासीको मत र बालेनले मधेसको मत आकर्षित गर्न सक्छन्। समावेशीकरण र विविधताका दृष्टिकोणले यी तीनै क्षेत्र उत्तिकै महत्त्वपूर्ण छन्।

परम्परागत दलहरू माथि दबाबः यस एकताले कांग्रेस र एमालेलाई चुनावी तालमेलका लागि बाध्य बनाउन सक्छ। यी दलहरूलाई रास्वपाको नयाँ नेतृत्व त्रयी (जसलाई सुधार, प्रविधि र स्वतन्त्रताको प्रतीक मानिन्छ) को सामना गर्न गाह्रो हुन सक्छ।

### आगामी बाटो

नयाँ एकीकृत रास्वपा-बालेन-उज्यालो नेपाल गठबन्धनले भविष्यमा एकताबद्ध रहन व्यक्तिगत लाभ भन्दा राष्ट्रिय हित, समावेशी नेतृत्व, स्पष्ट शासन एजेन्डा र कडा संगठनात्मक अनुशासनलाई प्राथमिकता दिनुपर्छ। व्यक्तिगत स्वार्थभन्दा माथि राष्ट्रिय हितः कुलमान घिसिङले जोड दिए झैँ, 'पद, स्वार्थ र व्यक्तिगत लाभ भन्दा माथि उठेर' देशको हित र जनताको आकांक्षालाई केन्द्रमा राखेर यो एकता हासिल गरिएको हो। यो गुटबन्दी रोक्नका लागि आवश्यक छ। राष्ट्रको बृहत्तर हितका लागि यो एकतालाई निरन्तरता दिनुपर्छ।

समावेशी नेतृत्व र भूमिका बाँडफाँडः जिम्मेवारीको सन्तुलित वितरणले कुनै एक पक्षको प्रभुत्व हुन दिँदैन र कार्यकर्ताहरूमा विश्वास जगाउँछ। भविष्यको एकता पारदर्शी निर्णय प्रक्रिया र न्यायोचित उम्मेदवार बाँडफाँडमा भर पर्छ। स्पष्ट शासन एजेन्डाः सुशासन, समृद्धि, लोकतन्त्र र सामाजिक न्यायका लागि यो एकता भएको हो। आर्थिक विकासका लागि ऊर्जा, सहरी व्यवस्थापन र भ्रष्टाचार निवारण जस्ता प्रतिज्ञाहरू पूरा गर्दा मात्र विश्वसनीयता कायम रहन्छ। अब हामीलाई विश्वास गर्ने स्पष्ट कार्ययोजना चाहिन्छ।

**संगठनात्मक अनुशासनः** रास्वपा ठुलो दल बन्दै जाँदा यसको आकर्षण सहरी क्षेत्र बाहिर पनि विस्तार गर्नुपर्ने हुन्छ। ग्रामीण क्षेत्रमा बलियो स्थानीय संरचना निर्माण गर्नु विभाजन रोक्ने मुख्य उपाय हो।

**अपेक्षा र जोखिमको व्यवस्थापनः** जनताले यस गठबन्धनलाई आशाको रूपमा हेरेका छन्। यदि सुधारका कार्यहरू सुस्त भएमा ठुलो अपेक्षाले निराशा पनि निम्त्याउन सक्छ। नेताहरूले आफ्ना समर्थकहरूलाई यथार्थपरक समयसीमा र प्रगतिबारे जानकारी गराउनुपर्छ।

### निष्कर्ष

देशको बृहत्तर हितका लागि यो एकताको निरन्तरता आवश्यक छ। यस्तो निरन्तरताका लागि आधारभूत आवश्यकता भनेको निर्णय प्रक्रियामा पारदर्शिता, प्रणालीबाट व्यक्तिगत अहम्लाई टाढा राख्नु र हामी कसरी अगाडि बढ्छौँ भन्ने विषयमा छलफल गर्नु हो। जहाँ आवश्यक छ, त्यहाँ उदार र लचिलो हुनुपर्छ। यो राजनैतिक कौशल देखाउने समय हो। तीनै जना नेताहरू निरन्तर रूपमा संलग्न हुनुपर्छ र अन्तिम उद्देश्य अर्थात् 'पुराना यथास्थितिवादी' हरूलाई हराउन योजना बनाउनुपर्छ।

याद राख्नुहोस्, यदि तीनै जना नेताहरूले 'मैले वा मेरो समूहले के पाएँ' वा 'को वरिष्ठ र को कनिष्ठ' भन्ने विषयमा बहस गर्न थाल्नुभयो भने, देश पुनः पुरानै दल' हरूको कब्जामा जानेछ, जसको परिणाम स्वरूप तपाईंहरू सबैले हार्नु हुनेछ र अन्ततः नेपालका जनताले हार्नेछन्।

अब जनताको भविष्य तपाईंहरूको हातमा छ, तपाईं कसरी अगाडि बढ्न चाहनुहुन्छ निर्णय गर्नुहोस्। जनताको तपाईंहरू तीनै जनाप्रति निकै उच्च अपेक्षा छ, यदि तपाईंहरूले लुटतन्त्रबाट मुक्तिको बाटोमा गल्ती गर्नुभयो भने जनताले तपाईंहरूलाई कहिल्यै माफी दिने छैनन्। रातोपाटीबाट

## श्री पशुपति आदर्श मा.वि. लहान मटिअर्वा, सिरहा (प्राविधिक)

न.पा. लहान, सिरहा

स्था. २००५

**आयाभान्से आवश्यक सम्बन्धमा**

**मिति : २०८२/०९/२१ गते**

उपयुक्त सम्बन्धमा यस विद्यालयमा रिक्त रहेको आया (भान्से) पदको लागि विज्ञापन गर्नु पर्ने भएकोले तपसिल अनुसारको विज्ञापन प्रकाशन गरि दिन हुन अनुरोध छ।

| क्र.सं. | विज्ञापन नं. | पद | नियुक्तिको किसिम | माग संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | १/२०८२/२०८३ | आया भान्से | करार | १ (एक) | साधारण लेखपढ |

१. आवेदन दस्तुर : रु. ११००/-
२. दरखास्त मिति : २०८२/०९/२१ गते देखि २०८२/१०/०६ गते सम्म कार्यालय समयभित्र।
३. सम्पर्क मिति : २०८२/१०/०६ गते मंगलबार
४. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
५. दरखास्त दिने स्थान : श्री पशुपति आदर्श मा.वि. लहान मटिअर्वा, सिरहा (प्राविधिक)
६. परीक्षाको किसिम : अन्तरवार्ता र आवश्यक परेमा प्रयोगात्मक
७. तलब भत्ता : नेपाल सरकारको विद्यालय का.स. (कार्यालय सहयोगी) सरह

**आवश्यक कागजातहरुः**

- हस्तलिखित निवेदन पत्र।
- नेपाली नागरिकताको आफैंले प्रमाणित गरेको प्रतिलिपि।
- शैक्षिक योग्यता र तालिमको आफैंले प्रमाणित गरेको प्रतिलिपि।
- हालसालै खिचिएको पासपोर्ट साईजको दुई प्रति फोटो।
- म्याद नाघी आएको तथा रित नपुगेको आवेदन स्वीकृत हुने छैन।

(नोट : विज्ञापन वापत लाग्ने दस्तुर यस विद्यालयको नामबाट संचालनमा रहेको नेपाल बैंक लिमिटेड च.हि.न. ०३६००१०६५८५८७६००००१ मा जम्मा गरी सो को सक्कल भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ।

विज्ञापन सम्बन्धी थप जानकारीका लागि: विद्यालय प्रशासनमा सम्पर्क गर्न सकिनेछ।

**प्रधानाध्यापक**


# सर्लाहीमा ६० केजी गाँजासहित भाग्दै गरेका व्यक्ति पक्राउ



सर्लाही, २० पुस। सर्लाहीको लालबन्दी नगरपालिका वडा नं १ जङ्गल टोल भित्री सडक खण्डमा प्रहरीले ठुलो मात्रामा प्रतिबन्धित लागुऔषध गाँजासहित एक जनालाई नियन्त्रणमा लिएको छ। घटनामा संलग्न एउटा भारतीय नम्बरको कार र एउटा मोटरसाइकल पनि प्रहरीले बरामद गरेको छ। पक्राउ पर्नेमा लालबन्दी नगरपालिका वडा नं १ नवलपुरका ३२ वर्षीय नुरहसन साह रहेका छन्। इलाका प्रहरी कार्यालय नवलपुर, सर्लाहीबाट खटिएको चेकिङ प्रहरी टोलीले आज बिहान करिब ५ बजेको समयमा डाबरीबाट लालबन्दीतर्फ जाँदै गरेको बीआर ०२ पीबी २२२६ नम्बरको खरानी रङ्गको मराजो एम २ कार र बागमती प्रदेश ०६-०२ प १७७० नम्बरको रातो-कालो रङ्गको १२५ सीसीको टीभीएस राइडर मोटरसाइकललाई रोक्न खोजेको थियो। तर, दुवै सवारीसाधन प्रहरीलाई छल्दै तीव्र गतिमा भागेका थिए।

सोही क्रममा प्रहरीले मोटरसाइकल चालक नुरहसन साहलाई नियन्त्रणमा लिन सफल भएको थियो। प्रारम्भिक सोधपुछका क्रममा साहले भारतीय नम्बरको कारमा प्रतिबन्धित लागुऔषध गाँजा रहेको बताएका थिए। उक्त सूचनाका आधारमा इलाका प्रहरी कार्यालय लालबन्दीबाट तत्कालै अर्को प्रहरी टोली खटिई भाग्दै गरेको कारको पिछा गरेको थियो। प्रहरीले पिछा गर्ने क्रममा उक्त कार लालबन्दी नगरपालिका-१ जंगल टोलस्थित लालबाबु महतोको घरमा ठोक्किएर चालक फरार भएका थिए। प्रहरीले दुर्घटनाग्रस्त कारको सिट पछाडि लुकाइछिपाइ राखेको अवस्थामा प्लाष्टिकले बेरिएको १५ पोका प्रतिबन्धित लागुऔषध गाँजा फेला पारेको जनाएको छ। बरामद गरिएको गाँजाको कुल तौल ६० केजी रहेको इलाका प्रहरी कार्यालय लालबन्दीको भनाइ छ।

प्रहरीले गाँजा, दुर्घटनाग्रस्त कार, मोटरसाइकल र मोटरसाइकल चालक साहलाई नियन्त्रणमा लिई थप अनुसन्धान अगाडि बढाएको छ। साहलाई जिल्ला अदालत सर्लाहीबाट लागुऔषध मुद्दामा ८ दिनको म्याद थप भई इलाका प्रहरी कार्यालय लालबन्दी सर्लाहीबाट विस्तृत अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।

# विकासका लागि समन्वय गर्दै चितवनका पालिकाहरू

चितवन, २० पुस। जिल्लाका सात पालिका र सीमाका पालिकाले विकासका लागि आवश्यक समन्वय र सहकार्य गर्दै अघि बढ्ने सहमति गरेका छन्। कालिका नगरपालिकाले दोस्रो पटक आफ्नो नगरभित्र सबै पालिकाका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई निमन्त्रणा गरेर विकासमा समन्वय गर्दै अघि बढ्न समन्वयात्मक बैठक राखेको हो।

बैठकमा सहभागी जनप्रतिनिधिहरूबीच संयुक्त रूपमा फोहर व्यवस्थापन गर्ने, चेपाङलगायत विपन्न बालबालिकाको शिक्षाका लागि संयुक्त काम गर्ने विषयमा छलफल भएको थियो। छलफलपछि विपन्न बालबालिकालाई आवासीय सुविधासहित छात्राबास बनाउने विषयमा छलफल भएको छ।

भूमि वर्गीकरणमा एकरुपता ल्याउने, त्रिशूली डाइभर्सनको कामलाई अघि बढाउन पहल गर्ने, शक्तिखोरको औद्योगिक क्षेत्र यथाशीघ्र बनाउन पहल गर्नेलगायत विषयमा छलफल भएको कालिका नगरपालिकाका प्रमुख विनोद रेग्मीले जानकारी दिए। उनका अनुसार जिल्लामा रहेका गौरवका आयोजना सम्पन्न गर्ने र थप आयोजना भित्र्याउनका लागि संयुक्त प्रयास गर्ने, कृषि उत्पादनको बजारीकरणमा संयुक्त पहल गर्ने विषयमा छलफल भएको छ। उनले भने, "पर्यटनका क्षेत्रमा पनि मिलेर काम गर्ने विषयमा छलफल भएको छ।"

चितवन राष्ट्रिय निकुञ्जका वन्यजन्तु हेर्न आएका पर्यटकलाई ट्रेकिङमार्फत जिल्लाका पहाडी चेपाङ बस्तीसम्म पुऱ्याएर हिमाल देखाउने विषयमा सबै सहमत भएका नगरप्रमुख रेग्मीले बताए। यससँगै यहाँ आउने पर्यटकको बसाई लम्ब्याउन सकिने उनीहरूको राय थियो। समग्र जिल्लालाई जोड्ने गरी रिङरोड बनाउने, खैरहनीमा रहेको कृषि क्याम्पसलाई थप व्यवस्थित गर्न सबै पालिकाले पहल गर्ने, शक्तिखोर आसपासका उद्योगलाई शक्तिखोर औद्योगिक क्षेत्रसँग जोड्ने विषयमा छलफल भएको छ।

जिल्लाका पहाडी क्षेत्रमा उत्पादन हुने गाँजाखेतीलाई नष्ट गर्ने काम बन्द गरी कानुनतः खेती गर्न पाउने व्यवस्था गर्न आवश्यक पहल गर्ने विषयमा पनि बैठकमा छलफल भएको रेग्मीले बताए।

सो अवसरमा जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारीले सबै पालिका मिलेर संयुक्त रूपमा काम गरेमा सहज हुनुका साथै जनअपेक्षा अनुसार नतिजा हासिल हुने धारणा राखे। कतिपय काम संयुक्त रूपमा गर्दा व्ययभार कम हुने भन्दै उहाँले बैठक नियमित गर्न सुझाव दिए। बैठकमा भरतपुर महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारी, रत्ननगर नगरपालिकाका प्रमुख प्रह्लाद सापकोटा, खैरहनी नगरपालिकाका प्रमुख शशि खनिया, माडी नगरपालिकाका प्रमुख ताराकाजी महतो, इच्छाकामना गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरुङ, राप्ती नगरपालिकाका उपप्रमुख देवेन्द्र लामा, धादिङको बेनिघाट-रोराङ गाउँपालिकाका अध्यक्ष कृष्णबहादुर थपलिया लगायत पालिकाका उपप्रमुख, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र पालिकाका महाशाखा प्रमुखहरूले आफ्नो धारणासहित सुझाव राखेको थियो।

दुई महिनाभित्रमा उठेका विषयलाई एकताबद्ध गरी विकासका लागि योजनाबद्ध खाकासहित रत्ननगर नगरपालिकाको आयोजनामा बैठक बस्ने सहमति भएसँगै बैठक सम्पन्न भएको छ।

# बालेनसहित २६ जना रास्वपाको केन्द्रीय सदस्य

काठमाडौँ, २० पुस। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले काठमाडौँ महानगरपालिका प्रमुख बालेन्द्र साहसहित २६ जनालाई केन्द्रीय सदस्य मनोनित गरेको छ। बनस्थलीस्थित पार्टी केन्द्रीय कार्यालयमा बसेको बैठकले उक्त निर्णय गरेको नेता मनिष झाले जानकारी दिए। बैठकमा थपिएका सात जना केन्द्रीयसमेत सहभागी थिए।

रास्वपा र काठमाडौँ महानगरपालिका प्रमुख साहबीच सहकार्य गर्नेसम्बन्धी सम्झौता यसअघि नै भइसकेको छ।

**-बाँकी अन्तिम पेजमा**

# चितवन निकुञ्जमा पहिलो भागको बाघ गणना सकियो

चितवन, २० पुस। चितवन राष्ट्रिय निकुञ्जमा यही पुस ३ गतेदेखि सुरु भएको बाघ गणना जारी रहेको छ। चितवन र पर्सा राष्ट्रिय निकुञ्जलाई एउटा ब्लक बनाएर गणना गरिँदैछ भने पहिलो भागको गणना भने सकिएको छ। निकुञ्जका सूचना अधिकारी अविनास थापा मगरका अनुसार पहिलो भागको गणना सकेर क्यामेरा उठाउने काम सुरु गरिएको छ। उनले भने, "शनिबारदेखि क्यामेरा उठाउने काम सुरु भएको छ। सोमबारसम्ममा पहिलो भागको क्यामेरा उठाउने काम सम्पन्न हुन्छ।" उनका अनुसार यही पुस १ र २ गते तालिम दिएका १५० जना गणकहरू गणनामा खटिएका छन्।

त्रिवेणी, अमलटारी, कसरा, हुँदै बरण्डाभार क्षेत्रलाई पहिलो भाग बनाएर गणना गरिएको सूचना अधिकारी मगरले जानकारी दिए। उनका अनुसार पहिलो भागअन्तर्गत यस क्षेत्रमा २८६ वटा ग्रिड बनाएर गणना गरिएको छ। क्यामेरा उठाएपछि दोस्रो भागमा क्यामेरा जडान गरी गणना सुरु गरिने छ। दोस्रो भागमा १३ वटा क्याम्प बनाएर गणकहरू खटिने निकुञ्जका सूचना अधिकारी मगरले बताए। यस भागअन्तर्गत सौराहा, खगेन्द्रमल्ली हुँदै लोथर प्रतापपुर, हुदै, बोटे सिमारा, स्वमेश्वर, बगइ, अम्बुवा हुँदै सिकारी बाससम्मको क्षेत्रमा क्यामेरा जडान गरेर गणना गरिने छ।

"सो भागलाई ३३६ ग्रिडमा विभाजन गरेर बाघ गणना गरिने छ", उनले भने, "एउटा ग्रिडमा एक जोडी स्वचालित क्यामेरा राखिने छ।" थापाका अनुसार एउटा भागमा दुई साता क्यामेरा राखेर बाघ गणना गरिने छ। चितवन-पर्सा ब्लकमा ९५८ वटा ग्रिड बनाएर बाघ गणना गरिँदै छ। यसको अर्थ दुई वर्ग किलोमिटर क्षेत्रलाई एउटा ग्रिड बनाएर गणना गर्न लागिएको हो। यसँगै बाघ भएका बाँके, बर्दिया र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा पनि बाघ गणना गरिँदै छ।

तीन महिना लगाएर बाघ गणना गर्न लागिएको सूचना अधिकारी मगरले उल्लेख गरे। हरेक चार वर्षमा बाघ गणना गरिँदै आइएको छ। निकुञ्जका कर्मचारी, राष्ट्रिय प्रकृति संरक्षण कोषका प्राविधिक, स्थानीय स्वयंमसेवी, विद्यार्थी र संरक्षणका साझेदारहरू गणनामा सहभागी भएका छन्। ग्रिडहरूको बीचभाग पर्ने ठाउँमा गणना गर्ने प्राविधिक क्याम्प खडा गरेर बस्ने गरिएको उहाँले जानकारी दिए।

गणकहरूले भूगोल अनुसार आठदेखि बाह्रसम्मको ग्रिडमा राखिएका क्यामेरा दैनिक अनुगमन गर्ने सूचना अधिकारी मगरले जानकारी दिए। "ग्रिडबाट क्यामेरा निकालेपछि अध्ययन थालिने छ। बाघ गणना गर्दा बाघ बढी ओहोरदोहोर गर्ने स्थानमा स्वचालित क्यामेरा राखिने छ। ती क्यामेराले बाघको फोटो खिच्ने गर्दछ", उनले भने।

बाघको फोटो हेरेर तिनीहरूको शरीरमा भएका पाटाका आधारमा सङ्ख्या छुट्याइने उनले बताए। उनका अनुसार हरेक बाघको पाटा फरक-फरक हुने गर्दछन्। "पहिलो कम्प्लेक्स (क्षेत्र) यो हो भने दोस्रो कम्प्लेक्स बाँके र बर्दीया राष्ट्रिय निकुञ्जलाई बनाइएको छ। त्यहाँभित्र पनि तीन वटा ब्लक हुनेछन्। तेस्रो कम्प्लेक्स शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र लालझण्डी हुनेछ। यो एउटै ब्लक बनाइने छ", उनले भने।

यसअघि सन् २०२२ मा गरिएको बाघ गणनामा नेपालमा ३५५ वटा वयस्क बाघ रहेका तथ्याङ्क सार्वजनिक भएको थियो। सो गणनामा चितवनमा एक सय २८, बर्दिया निकुञ्जमा एक सय २५, बाँके निकुञ्जमा २५, पर्सामा ४१ र शुक्लाफाँटामा ३६ वटा बाघ भेटिएका थिए।

# शीतलहरबाट प्रभावित रौतहटका विपन्न दलितलाई कम्बल वितरण

रौतहट, २० पुस। जिल्लास्थित विपत् व्यवस्थापन समितिले शीतलहरबाट प्रभावित विपन्न दलित तथा असहाय घरपरिवारलाई न्यानो कपडा ‘कम्बल’ वितरण गरेको छ। सशस्त्र प्रहरी बल नेपालले आफ्नो २५औँ स्थापना दिवसका अवसरमा बौधिमाई नगरपालिका–७ स्थित रामवस्तीका ६९ घरपरिवार र इसनाथ नगरपालिका–४ का ७० घरपरिवारलाई न्यानो कपडा बाँडेको हो। रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले शीतलहरका कारण विशेषगरी दलित तथा विपन्न परिवार प्रभावित भएकाले पहिलो चरणमा आज १३९ थान कम्बल वितरण गरेको जानकारी दिए। जिल्लास्थित सुरक्षा संयन्त्रमार्फत प्रभावित समुदायलाई कम्बल बाँड्न लागको बताउँदै आवश्यक देखिए थप न्यानो कपडाको प्रबन्ध गर्न समिति तयार रहेको स्पष्ट गरे ।

विपत् व्यवस्थापन समितिले मानवीय सेवाअन्तर्गत बढ्दो चिसोबाट प्रभावित जिल्लाका दलित समुदायलाई राहत वितरणमा सहयोग गर्ने उद्देश्यका साथ प्रदान गरेको ५०० थान कम्बलमध्ये सशस्त्र प्रहरी बल र नेपाली सेनालाई २०० का दरले ४०० थान र नेपाल प्रहरीलाई ६० थान तथा बाँकी ४० जान जगेडामा राखेको जनाएको छ।

रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालको प्रमुख उपस्थितिमा सशस्त्र प्रहरी बल नेपालका प्रमुख एवं गणपति रामहरि अधिकारीले दलित एवं विपन्न परिवारलाई कम्बल बाँडेको बिओपी सरमुजवाका सशस्त्र प्रहरी निरीक्षक पर्शुराम लामिछानेले जानकारी दिए।

यसैगरी, बिओपी रामपुरखापकीका सशस्त्र प्रहरी निरीक्षक मन्दिरा सुवालका अनुसार दलित तथा विपन्न घरपरिवारलाई लक्षित गरी वितरण गर्न लागिएको ५०० कम्बलमध्ये सशस्त्र प्रहरीलाई प्राप्त २०० थानमध्ये १३९ वटा बाँडेको र बाँकी सोमबार र मङ्गलबारसम्म प्रभावित घरपरिवारसमक्ष पुर्‍याइनेछ। रौतहटसहित मध्यतराई क्षेत्रमा १५ दिनदेखि राम्रोसँग घाम नलाग्दा बढेको चिसोबाट विशेषगरी गरिब, विपन्न तथा असहाय घरपरिवार प्रभावित भएको प्रमुख जिल्ला अधिकारी भुसालले बताए।

सशस्त्र प्रहरी बलका गणपति अधिकारीका अनुसार राज्यकोतर्फबाट कम्बल वितरण सुरु भएपछि दलित तथा विपन्न घरपरिवारका पनि विशेषगरी रोगबाट प्रभावित, वृद्धवृद्धा, बच्चाबच्ची र सुत्केरी खुसी देखिएका छन्।

# घरदेखि ५०० मिटर टाढा जंगलमा भेटियो टाउको

जनकपुर, २० पुस। सर्लाहीमा घाँटी छिनाएर हत्या गरिएका वन हेरालु रामईश्वर महतोको टाउको फेला परेको छ। सर्लाहीका प्रहरी प्रवक्ता डीएसपी सरोज राईका अनुसार केही समय अघि मात्रै झाडीमा महतोको टाउको फेला परेको हो। ‘घटनास्थल नजिकै झाडीमा टाउको भेटिएको छ। टाउको नभएको शव हिजो नै फेला परेको थियो। घटनास्थलको मुचुल्का र अनुसन्धानपछि शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवा लगिएको छ,’ डीएसपी राईले भने। शनिबार सर्लाहीको ईश्वरपुर नगरपालिका–२ राईटरखोरमा सागरनाथ वन विकास परियोजनामा ज्यालादारीमा कार्यरत राईटरखोरका ४७ वर्षीय महतोको शव फेला परेको थियो।

महतोको शव घरदेखि करिब ५०० मिटर टाढा सागरनाथ वन विकास परियोजनाको जंगलभित्र टाउको नभएको अवस्थामा भेटिएको थियो। स्थानीयका अनुसार शनिबार बिहान करिब ५ बजेतिर जंगलभित्र रुख काटिएको आवाज सुनेपछि त्यसतर्फ गएका थिए। घटनास्थलमा धनुषाको लालगढबाट तालिम प्राप्त कुकुर झिकाएर अनुसन्धान गरिरहेको थियो। सो घटनामा संलग्न रहेको हुनसक्ने आशंकामा प्रहरीले एकजनालाई पक्राउ गरेर अनुसन्धान गरिरहेको छ

# सप्तरीमा ह्याकर समूह सक्रिय

**विनय कर्ण**

सप्तरी, २० पुस। जिल्ला प्रहरी कार्यालय सप्तरीले पछिल्लो समय जिल्लामा ह्याकर समूह सक्रिय रहेको जनाएको छ। पछिल्लो केही समयता ह्याकर गिरोह सक्रिय भएकाले सबैलाई सचेत रहन प्रहरीले अनुरोध गरेको छ। जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले केही समय यता ह्वाट्सएप ह्याक गरी ठगि गर्ने धन्दा बढेको बताए।

त्यसोत, एक साता अघि सप्तरीका बरिष्ठ पत्रकार एवम् प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झाको नामबाट उहाँको मोबाइलमा सेभ रहेका सम्पर्क नम्बरहरुमा ह्वाट्सएप मार्फत “अति जरुरी काम परेकाले तत्काल ५० हजार पठाइदिनु, भोली फिर्ता गरिदिन्छु” भनी म्यासेज आयो। झाको नामबाट म्यासेजसँगै इसेवाको क्युआर कोड पनि आयो। त्यो इसेवा आइडी उमेश चौहानको नाम र ९७०५५८०७४४ नम्बरबाट आएको थियो। यद्यपि त्यस नम्बरमा फोन गर्दा सम्पर्क भने हुन सकेन।

यसैगरी, शनिबार राजविराज नगरपालिकाका पूर्व प्रमुख गोबिन्द सिंहको पनि ह्वाट्एप ह्याक भएको थियो। उनको ह्वाट्सएप ह्याक भएपछि आफन्त र इष्टमित्रलाई त्यस्तै प्रकृतिको सन्देश पठाई ५० हजार पठाइदिन भन्दै क्यूआर कोड पठाइएको पाइएको छ। ह्याकरले ह्वाट्सएप ह्याक गरेर सिद्धार्थ बैंकको खाता नम्बर ५५१०७७९३६२ नम्बर र नाम प्रवेश गिरीसहितको क्युआर कोड सन्देशमा पठाएर सो रकम माग गरेको पाइएको हो।

यता प्रहरीले यस्तो ठगी धन्दाबाट झुक्किएर धेरै जना ठगिएका भने कतिपय पीडितले प्रहरीमा उजुर समेत दिएका छन्। उहाँले पीडितहरुलाई ह्याकरले प्रयोग गरेका सन्देशको स्क्रीनसटसहित जिल्ला प्रहरीमा आउन आग्रह गर्नुभएको छ।

# मधेशमा सवारी दुर्घटना भयावह बन्दै

**अजय शाह**

महोत्तरी, २० पुस। मधेश प्रदेशमा पछिल्ला केही वर्षयता सवारी दुर्घटनाका घटनाहरू तीव्र रूपमा बढ्दै गएका छन्। उपलब्ध तथ्याङ्कले नेपालभर सवारी दुर्घटनाबाट ज्यान गुमाउनेमध्ये करिब २१ प्रतिशत मधेश प्रदेशमै पर्ने गरेको देखाएको छ। यसले प्रदेशमा सडक सुरक्षाको अवस्था कति चिन्ताजनक छ भन्ने स्पष्ट संकेत गर्दछ।

सडक दुर्घटनाको यति गम्भीर अवस्था हुँदाहुँदै पनि दुर्घटना न्यूनीकरणका लागि गरिएका प्रयासहरू अपेक्षाअनुसार प्रभावकारी हुन नसकेको सरोकारवालाहरू बताउछन्। गुणस्तरीय सडक संरचनाको अभाव, निर्माणमा हुने लापरबाही र भ्रष्टाचार, तीव्र गतिमा सवारी चलाउने प्रवृत्ति, ट्राफिक नियमको बेवास्ता तथा लागुपदार्थ सेवन गरी सवारी चलाउने कारणले दुर्घटनाको जोखिम बढाएको बताइएको छ।

चालु आर्थिक वर्षको मङ्सिरसम्म देशभर भएको १३ हजार ८८० वटा सवारी दुर्घटनामा एक हजार ४२ जनाले ज्यान गुमाएका छन् भने हजारौँ घाइते भएका छन्। सो तथ्याङ्क अनुसार मधेश प्रदेशमा मात्रै २२० जनाको मृत्यु भएको देखिन्छ, जसले मधेसमा दुर्घटनाको गम्भीरता उजागर गरेको छ। आर्थिक वर्ष ०८१/०८२ मा साउनदेखि मङ्सिरसम्मको अवधिमा मधेश प्रदेशमा दुई हजार ६७१ वटा सवारी दुर्घटना भएकोमा ती दुर्घटनामा परि १९१ जनाको मृत्यु भएको र चार हजार ५७६ जना घाइते भएको तथ्याङ्क रहेको छ। सोही अवधिमा देशभर तीन हजार ४८४ दुर्घटनामा २२० जनाको मृत्यु र पाँच हजार ६८५ जना घाइते भएको प्रहरी तथ्याङ्क छ।

प्रहरीका अनुसार सवारी दुर्घटनामा ज्यान गुमाउनेमध्ये १७ देखि ३० वर्ष उमेर समूहका युवाहरूको संख्या बढी देखिएको छ। मधेश प्रदेशका आठवटै जिल्लामा भएका दुर्घटनामा युवा वर्ग बढी प्रभावित देखिएको तथ्याङ्कले चिन्ताको अवस्था देखाएको छ। नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैयाले महोत्तरीको बर्दिवासमा आयोजित एक कार्यक्रममा सडक दुर्घटनाबाट युवाहरू बढी प्रभावित भइरहेको तथ्याङ्क प्रस्तुत गरेका थिए।

कार्यक्रममा सहभागी स्थानीयवासी तथा सरोकारवालाहरूले युवालाई लक्षित प्रभावकारी सचेतना कार्यक्रम सञ्चालन गर्न सके दुर्घटनामा उल्लेखनीय कमी ल्याउन सकिने धारणा व्यक्त गरेका छन्। मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रमुख गोविन्द थपलियाले तीव्र गति, सडकको दुरावस्था र लागुपदार्थ सेवन गरी सवारी चलाउने प्रवृत्तिका कारण दुर्घटना बढ्दै गएको गुनासोलाई गम्भीर रूपमा लिइएको बताएको छ। उनले महोत्तरी जिल्लामा मात्रै पछिल्लो ६ महिनामा अघिल्लो वर्षको सोही अवधिको तुलनामा सवारी दुर्घटनाको संख्या बढेको जानकारी दिए।

यी सबै कुरालाई मध्यनजर गर्दै सडक दुर्घटना विरुद्ध ट्राफिक प्रहरीको युवा अभियान अन्तर्गत तीव्र गति कम गराउन नियमिय चेकजाँच, लागुपदार्थ तथा मादक पदार्थ सेवन जाँच, दुई पाङ्ग्रे सवारीसँग २ मिनेट सचेतना दिने अभियान, स्कुल र क्याम्पसका विद्यार्थीलाई सचेतना कक्षा, बोर्ड, स्टिकर टास गर्ने र सचेतना मुलक जिङ्गल बजाउने, सडकको अवस्था ठिकठाक राख्न पहल गर्ने गराउने लगायतका विविध कार्यक्रम यो अभियानमा पर्ने नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैयाका कार्यालय प्रमुख प्रहरी उपरीक्षक राजकुमार सिलवालले बताए।

यसरी प्रदेशस्तरीय तथ्याङ्कले सडक दुर्घटनामा १६ देखि ४० वर्ष उमेर समूहका व्यक्तिहरू बढी घाइते हुने र ज्यान गुमाउने गरेको देखाउछ। यसले दुर्घटना न्यूनीकरणका कार्यक्रमहरू विशेषगरी युवा केन्द्रित हुनुपर्ने आवश्यकता औंल्याएको छ। सरोकारवालाहरूले दुर्घटना न्यूनीकरणका लागि नियमित सवारी चेकजाँचलाई अझ प्रभावकारी बनाउने, मापसे परीक्षण कडाइका साथ लागू गर्ने, विद्यालय र क्याम्पसमा सडक सुरक्षासम्बन्धी सचेतना कक्षा सञ्चालन गर्ने तथा सवारी चालकलाई लक्षित सचेतनामूलक कार्यक्रम विस्तार गर्नुपर्ने सुझाव दिएका छन्।

# चुनाव गराउनका लागि वातावरण तयार गर्नु पर्छ : नेता महासेठ

धर्बेन्द्र झा



जनकपुर, २० पुस। नेकपा एमालेका उपमहासचिव एवम पूर्व उपप्रधान मन्त्री रघुविर महासेठले अझै पनि देशमा चुनावी वातावरण तयार हुन नसकेको भन्दै निर्धारित फागुन २१ गते चुनाव गराउनका लागि सरकारले वातावरण तयार गर्नुपर्ने धारणा राखेको छ। मधेश प्रदेशको राजधानी जनकपुरधामस्थित आफ्नै निवासमा आइतबार आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले यस्तो धारणा व्यक्त गरेको हो।

उनले जानी अनजानीमा वर्तमान सरकारले नै निर्वाचन बिथोल्ने काममा लागेको कारण फागुन २१ गते निर्वाचन हुने विषयमा शंका व्यक्त गरे। उनले भने, “जेनजी आन्दोलनको क्रममा लुटिएका ५० प्रतिशत हतियारहरू अझै फिर्ता भएको छैन। आन्दोलनको क्रममा जेल बाहिर भागेका बहुसंख्यक कैदीबन्दीहरू अझै जेल भित्र गएको छैन। यस्तो अवस्थामा चुनाव हुन्छ भनेमा कति विश्वास गर्न सकिन्छ तपाईंहरू आफै बुझ्नुस।“

उपमहासचिव महासेठले नेकपा एमाले सुरुदेखि नै प्रतिनिधि सभा पुर्नस्थापनाको पक्षमा रहेको भन्दै चुनाव भएको खण्डमा एमाले चुनावबाट पछि नभाग्ने बताए। उनले संविधान अहिले ट्र्याक भन्दा बाहिर गएको भन्दै सविधानलाई ट्र्याकमा ल्याउने विषमा नेकपा एमाले विभिन्न दलसँग छलफलको क्रममा रहेको बताए। उनले नेकपा एमालेले संसद पुर्न स्थापनाको विषयमा विगतमा अदालतबाट भएको आदेश अनुसार नै यस पटक पनि आदेश हुने विषयमा विश्वस्त रहेको भन्दै अहिले नेकपा एमाले सर्वोच्च अदालतको आदेशको पर्खाइमा रहेको बताए।

उनले गठबन्धनको नाँउमा बाहिरी शक्तिहरूले अराजनीतिक व्यक्तिहरूलाई अगाडि ल्याएर स्थापित पार्टीहरूलाई विस्थापित गर्न खोजी रहेको छ त्यो नेपालमा सम्भव नरहेको बताए। उनले नेपालमा विगतमा अन्तरिम सरकारहरू सफल रहेको इतिहास रहे पनि वर्तमान अन्तरिम सरकार सफल होला जस्तो आफुलाई नलागेको भन्दै चुनावी सरकारका मन्त्रीहरू आफनो नैतिकता बेचेर राजनीतिक क्रियाकलापमा संलग्न रहेकोले त्यस्ता मन्त्रीले या त राजनीनामा दिनु पर्ने वा त्यस्तालाई प्रधानमन्त्रीले बर्खास्त गर्नु पर्ने समेत उल्लेख गरे।

यस्तै, उनले आफनो पार्टीले देशको जुन सुकै ठाँउबाट चुनाव लडाउन खोज्दा आफु तयार रहेको भए पनि धनुषा क्षेत्र नं.४ का जनताले विगतमा पटक पटक चुनाव जिताएको कारण आफनो व्यक्तिगत रोजाई धनुषा क्षेत्र नं.४ नै रहने प्रष्ट पारे। पत्रकार सम्मेलनमा नेकपा एमालेका केन्द्रिय सदस्य जुलीकुमारी महतोले धनुषा क्षेत्र नं.३ का जनताले विगतमा पनि पाँच सालका लागि निर्वाचित गराएको भन्दै यस पटक पनि सो क्षेत्रका नेता कार्यकर्ताले आफनो नाम सिफारिस गरेको कारण पार्टीले टिकट दिएमा धनुषा क्षेत्र नं.३ बाटै चुनाव लडने बताए।

## बालेनसहित...

रास्वपा र उज्यालो नेपाल पार्टीबीच पनि पार्टी एकतासम्बन्धी सम्झौता भइसकेको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट** : मार्गानुगामी दैनिक
**कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)